# प्रेस विज्ञप्ति

नगर कार्यपालिका कार्यालयको कार्यकारीणी समितिको बैठक सम्पन्न

२०७४ श्रावण ८ गते

व्यास नगरपालिकाको २०७४ असार २५, २६ र २७ गते भएको नगर सभाका निर्णयहरु कार्यान्वयन गर्ने सन्दर्भमा आज मिति २०७४ श्रावण ८ गते व्यास नगरपालिकाको बैठक सम्पन्न भएको छ । दिउँसो १२.३० बजे देखि साँझ ६.३० बजेसम्म सञ्चालित बैठकमा विविध विषयमा गहन छलफल भई निम्न विषयहरुमा निर्णय लिएको छ ।

१. व्यास नगरपालिकाका सबै वडाहरुलाई आ.व.०७४।७५ का लागि विनियोजन गरेको रकम मध्ये प्रथम चरणमा हाल रु. १ करोड बराबरको विकास योजना कार्यान्वयनका लागि नगर सभाबाट पारित भएका योजनाहरु मध्ये कार्यान्वयन प्राथमिकता निर्धारण गरी १५ दिनभित्र योजनाहरुको सूची तयार गरी पेश गर्न वडा समितिलाई निर्देशन दिइएको छ । साथै लागत सहभागितालाई शहरी, अर्धशहरी र ग्रामिण वडाहरुमा क्रमशः कुल लागतको ४० प्रतिशत, ३० प्रतिशत र २० प्रतिशत कायम गरिएको छ भने लक्षित एवं विपन्न समुहमा आधारित कार्यक्रमहरुको हकमा नगर कार्यकारीणी समितिले कार्यक्रमको प्रकृति र लाभान्वित वर्गलाई आधारमानी विशेष निर्णय गरी अगाडि बढ्ने नीति अवलम्बन गरेको छ ।

२. व्यास नगरपालिकामा घर निर्माण गर्ने सम्बन्धमा नियमन गर्न हाल थप भएका वडाहरुमा निर्माण भइसकेका घरहरुलाई १ वर्षभित्र अभिलेखीकरण गर्ने, नगरपालिकामा नक्सा पेश नगरी अटेर गरी घर निर्माण गर्ने, नक्सा पास भएपनि नक्सापास विपरित घर निर्माण गर्ने र सार्वजनिक सडक, जग्गा अतिक्रमण गरी घर निर्माण गर्नेहरुलाई घर निर्माण मापदण्ड २०७२ अनुसार जरिवाना लिई कारवाही अगाडि बढाउन निर्णय भएको छ ।

३. व्यास नगरपालिकाको बृहत्तर शहरी विकास गुरु योजना निर्माण कार्यको परामर्शदाता नियुक्ति गरी तत्काल कार्य प्रारम्भ गर्न आशयपत्र माग गर्ने निर्णय भएको छ । उक्त गुरु योजना निर्माण भएपछि व्यास नगरपालिकाको विद्यमान स्थिति र आगामी बृहत्तर विकास योजनाहरु पहिचान एवं कार्यान्वयन हुनेछ ।

४. शहरी शासकीय क्षमता र पूर्वाधार सुधार आयोजना दोस्रो अन्तरगत पश्चिम नेपालका कोरिडोरमा रहेको व्यास नगरपालिका समेतको ठुला आयोजनाहरुको साथै पोखरादेखि व्यास नगरपालिकासम्मको शहरी क्षेत्रलाई बृहत्तर शहर (Megha City) को रुपमा विकास गर्ने केन्द्र सरकारको नीति अनुसार राष्ट्रिय प्राथमिकतामा परी कार्यारम्भ स्वरुप **बृहत्तर शहर (Megha City)** को लागि आवश्यक पर्ने पूर्वाधारहरुको अध्ययन, अनुसन्धान गरी विस्तृत अध्ययन प्रतिवेदन (DPR) तयार गर्न नियुक्त परामर्शदाता कम्पनीलाई सहजीकरण र समन्वय गर्न नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेको संयोजकत्वमा ९ सदस्यीय नगर समन्वय समिति (MCC) गठन भएको छ । उक्त समितिमा उपप्रमुख श्री मिरा जोशी, कार्यकारी अधिकृत श्री हरिप्रसाद बास्तोला, पूर्वाधार विकास समितिका संयोजक श्री सतिशचन्द्र न्यौपाने, विपद व्यवस्थापन तथा वातावरण समितिका संयोजक श्री मोहनकुमार श्रेष्ठ, सडक डिभिजन कार्यालय तनहुंका प्रमुख एवं अधिकृत प्रतिनिधि, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय तनहुंका प्रमुख एवं अधिकृत प्रतिनिधि, उद्योग बाणिज्य संघ तनहुंका महासचिव श्री वैकुण्ठ मिश्र र सदस्य सचिवमा व्यास नगरपालिकाका योजना शाखा प्रमुख इन्जिनियर श्री रविन्द्रलाल मुल रहनु भएको छ ।

५. व्यास नगरपालिकाको सेवालाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि जनप्रतिनिधि एवं कर्मचारीहरुलाई दक्षता अभिबृद्धि सम्बन्धी तालिम एवं अभिमुखीकरण कार्यक्रम संचालन गरी नगर सभाबाट पारित नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सहयोग पुर्‍याउने निर्णय गरियो ।

(मेघनाथ आचार्य)
प्रवक्ता
व्यास नगरपालिका